# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/४/०७९/८०

मिति: २०७९/०८/२९

**"घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ ।

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क्र.स. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. ६/०७८ को बुँदा नं. ३ को उपबुँदा २ मा खण्ड (घ) मा संशोधन । | (घ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको, | (घ) टाट नपल्टेको वा **भ्रष्टाचार** वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको, |
| २. | इ.प्रा. निर्देशन नं. ६/०७८ को बुँदा नं. ३ को उपबुँदा २ मा खण्ड (ङ) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) नदेखिएको वा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई सकेको ।** |
| ३. | इ.प्रा. निर्देशन नं. १०/०७८ को बुँदा नं. २ को उपबुँदा (ङ) मा खण्ड १६ थप । | हाल नभएको । | १६. **प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको व्यक्ति भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई नसकेको** |